# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, साउन ४ गते २०३३ साल

श्री ५ को सरकार

### खाद्य, कृषि तथा सिंचाइ मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले हाँडेटार सिंचाइ योजनाको भवन निर्माणको लागि गण्डकी अञ्चल, लमजुङ जिल्ला, परेवाडाँडा गाउँ पञ्चायत वडा नं. १ को निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व मूल बाटो, पश्चिम यही कित्ताको बाँकी जग्गा, उत्तर कुलो र बाटो, दक्षिण यही कित्ताको बाँकी जग्गा यति चारकिल्लाभित्रको हाँडेटार तल्लो बारी भन्ने पाखो बीज माना ।.।१ जनी, मालपोत रू.।११ जि. मु. पुष्पराज गुरु घराना मार्फत लमजुङ मालमा बुझाउनु पर्ने नापिबाट २–४–३ जग्गामध्ये, बीज मुठी । ।.।.।७।। (साढे सात मुठी) को मालपोत रू. –।८ (आठ पैसा) लागेको १–११–२½ (एक रोपनी एघार आना दुई पैसा आधा दाम) को कित्ता ।

आज्ञाले–

दीर्घराज कोइराला

श्री ५ को सरकारको सचिव

६६२ ~~५६५~~



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

६६४

~~५६६~~

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।